**पूर्वाञ्चल विश्वविद्यालय**
**विज्ञान तथा प्रविधि संकाय**
बिराटनगर, मोरङ्ग
**स्नातक तह/PGDCA शैक्षिक कार्यक्रमको**

**छात्रबृत्ती प्रवेश परीक्षाको अनलाईन (ONLINE) आवेदन फाराम भर्ने सम्बन्धी सूचना :**

**मितिः २०८१/०४/०१ गते मंगलवार**

पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि संकाय अर्न्तगत आंगिक एवं सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरुमा सञ्चालित स्नातक तहका Bachelor of Veterinary Sciences & Animal Husbandry (**B. V. Sc. & A.H.**), Bachelor of Computer Application (**BCA**), Bachelor in Information Technology (**BIT**), Bachelor of Technology in Artificial Intelligence (**B.Tech. in AI**), Bachelor of Science Honours in Agriculture(**B.Sc.(Hons)Ag.**), Bachelor of Science in Forestry (**B.Sc. Forestry**), Bachelor of Technology in Biotechnology (**B.Tech. Biotech.**), Bachelor of Technology in Food Technology (**B.Tech. in food Technology**), Bachelor of Science in Food, Nutrition & Dietetics(**B.Sc. FND**), Bachelor of Science in Biotechnology (**B.Sc. Biotechnology**) तथा Post Graduate Diploma in Computer Application (**PGDCA**) शैक्षिक कार्यक्रममा शैक्षिक सत्र २०८१/०८२ (सन् २०२४) मा नयाँ भर्नाको लागि **संकाय प्रवेश परीक्षा समितिद्वारा** लिइने प्रवेश परीक्षाका लागि अनलाईन (ONLINE) आवेदन फाराम आह्वान गरिएको छ । विश्वविद्यालयद्वारा तोकिएको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका इच्छुक विद्यार्थीहरुले आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र शैक्षिक कार्यक्रम छनौट गरी ONLINE फारामको विवरण भरी सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरु र पासपोर्ट साइजको फोटोको Scan Copy समेत Attach गरी तोकिएको दस्तुर सहित सम्बन्धित संकायमा **Online Payment** मार्फत् आवेदन फाराम भर्ने व्यवस्था मिलाइएको व्यवहोरा सम्बन्धित सबैका लागि यसै सूचना मार्फज जानकारी गाराईन्छ ।

**तपशिल**

१. **ONLINE आवेदनका लागि Website:** https://pufost.edu.np वा
https://entrance.pufost.edu.np वा
https://entrance.puexam.edu.np

२. **आवेदन फाराम शुल्क (सेवा शुल्क वाहेक)**: रु.१,५००।०० (एक हजार पाँच सय मात्र)

३. **दोब्बर दस्तुर (सेवा शुल्क वाहेक)** : रु.३,०००।०० (तीन हजार मात्र)

४. **आवेदन भर्ने सम्बन्धी अन्य व्यवस्था:**

(क) इच्छुक आवेदक परीक्षार्थीहरूले भर्ना हुन चाहेको स्कूल/क्याम्पस/कलेजहरु छनौट गरी ONLINE मार्फत् प्रवेश परीक्षा फाराम **तोकिएको दस्तुरमा मिति २०८१/०४/३२ गते शुक्रवार सम्म र दोब्बर दस्तुर तिरी मिति २०८१/०५/०५** गते बुधवार सम्म आवश्यक कागजातहरुको सक्कल प्रति Scanned Copy Attach गरी JPEG / JPG / PNG Format मा Upload गर्नु पर्नेछ ।

(ख) स्कूल /क्याम्पस/कलेजहरूले ONLINE मार्फत् आवेदन गरेका विद्यार्थीहरूको आवश्यक कागजात र परीक्षा आवेदन शुल्क अनिवार्यरुपमा तोकिएको समयभित्र ONLINE रुजु (Verify) गर्नु पर्नेछ ।

(ग) नियमानुसार तोकिएको शुल्क तथा आवश्यक कागजातहरु UPLOAD नगर्ने विद्यार्थीहरुको फाराम स्वीकृत हुने छैन ।

(घ) रीत नपुगी आएका आवेदन फाराम तथा तोकिएका कागजात पूरा नभएका परीक्षार्थीहरुको फारम रद्द भएमा सोको जिम्मेवार सम्बन्धित परीक्षार्थी नै हुनेछ ।

५. प्रवेश परीक्षा मिति, समय तथा केन्द्रः

(क) **प्रवेश परीक्षा हुने मितिः** २०८१/०५/०८ गते शनिवार

(ख) **समयः** बिहान ११:०० बजे देखि ०१:०० बजे सम्म ( २ घण्टा )

(ग) **परीक्षा केन्द्र** : पछि प्रकाशन गरिने छ ।

६. **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** पू. वि. छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ बमोजिम विश्वविद्यालयबाट १० प्रतिशत (५ प्रतिशत जेहेन्दार र ५ प्रतिशत आरक्षित) छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित छात्रवृत्तिका लागि आवेदन गर्न निम्न अनुसारको व्यवस्था रहेको छ । आरक्षित समूहमा आवेदन फाराम भर्ने विद्यार्थीहरुले आफूले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रुपले (√ ) चिन्ह लगाउनु पर्नेछ । साथै, छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८ मा उल्लेख भए बमोजिमका आवश्यक सम्पूर्ण सक्कल कागजातहरुको Scanned copy Attach गरी अनिवार्य रुपले JPEG/JPG/PNG Format मा Upload गर्नु पर्नेछ ।

७. विश्वविद्यालयद्वारा सम्बन्धित संकाय अन्तर्गतका प्रत्येक शैक्षिक कार्यक्रममा भर्नाका लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता सम्बन्धी विस्तृत जानकारी माथि उल्लेखित website बाटै प्राप्त गर्न सकिनेछ ।

८. प्रवेश परीक्षाको परीक्षा तालिका एवं परीक्षा केन्द्र सम्बन्धी विस्तृत जानकारी पछि प्रकाशित गरिनेछ ।

९. ONLINE फाराम भर्ने सम्बन्धी थप जानकारी आवश्यक भएमा पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

११ प्रवेश परीक्षाका लागि तोकिएको शुल्क तथा भुक्तानी अनलाइन फर्मत मात्र गर्नु पर्ने छ , अन्य किसीमले गरेको भुक्तानी मान्य हुने छैन ।

१२ कक्षा १२ को परीक्षाफल पर्खिरहेका विद्यार्थीहरुले समेत प्रवेश परीक्षा फारम भर्न सक्नेछन । प्रवेश परीक्षाको परीक्षाफल प्रकासन हुनु पुर्व ट्रान्सक्रिप्ट अपलोड गर्ने व्यवस्था गरीने छ । कक्षा १२ मा अनुर्तिण विद्यार्थीहरुको नामावली Result List बाट हटाइने छ ।

१३. नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट जारी गरिएको समकक्षताको प्रमाणपत्रको (Equivalent Certificate Scan Copy) अनिवार्य पेश गर्नु पर्ने छ ।

१४. थप जानकारीका लागि संकायको वेवसाइट : **https://pufost.edu.np** वा कार्यालयको सम्पर्क नम्वर ९७७-२१-४६६५८८, ०२१-४६४७०७ मा सम्पर्क गर्न सकिन्छ ।

१५. विज्ञान तथा प्रविधि संकाय अन्तर्गतका आंगिक एवं सम्बन्धन् प्राप्त शैक्षिक संस्थाहरु देहाय बमोजिम रहेका छन् ।

**प्रवेश परीक्षा समिति**